हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

प.स.:- २०८२/०८३
च.नं.:-

मिति:- २०८३/०३/११
नेपाल संवत् ११४६

## सूचना तथा प्रविधि अधिकृत पदमा करार सेवामा पदपूर्ति सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/११)

प्रस्तुत विषयमा यस गाउँपालिकामा रिक्त सूचना तथा प्रविधि अधिकृत पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका कागजातसहित यस कार्यालयमा रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद/तह | माग पद संख्या | उपलब्ध गराइने सेवा/सुविधा | करार अवधि | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०२/२०८२/०८३ | सूचना प्रविधि अधिकृत (अधिकृतस्तर सातौं) | १ जना | अधिकृतस्तर सातौं तहको कर्मचारीले पाउने न्यूनतम तलब। | २०८३ पौष मसान्तसम्म। भर। त्यसपछिको अवधिका लागि कार्यसम्पादनका आधारमा करार सम्झौता थप गर्न सकिनेछ। | १,२००।- |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:** सूचना प्रविधि अधिकृतको योग्यता रा.प. तृतीय श्रेणी अधिकृतका लागि लोक सेवा आयोगद्वारा ईलेक्ट्रोनिक्स एण्ड कम्म्युनिकेशन ईन्जिनियर वा कम्प्युटर ईन्जिनियर वा कम्प्युटर अधिकृत पदका लागि तोकिए बमोजिम हुनेछ।

**छनोटको किसिम:** स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि,२०८२ र हरिनगर गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ मा व्यवस्था भएको प्रावधान बमोजिम हुनेछ।

**दरखास्त दिने अन्तिम मिति:** मिति: २०८३/०३/११ गतेदेखि मिति: २०८३/०३/२५ गतेसम्म ।

**उमेरको हद:** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

**परीक्षा मिति :-** दरखास्त दिने अन्तिम मिति पश्चात प्रकाशित गरिनेछ।

**दरखास्त बुझाउने स्थान:-** हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, हरिनगरा, सुनसरी।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात:** आवेदक स्वयमले प्रमाणित गरेको नेपाली नागरिकको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्र, कामसँग अनुभव सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि, काउन्सिलमा दर्ता गर्नुपर्ने भएमा सो प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजको फोटो।

**थप जानकारी:** थप कुनै जानकारी आवश्यक भएमा यस कार्यालयका सूचना अधिकारी श्री गोविन्द प्रसाद फुयल (सम्पर्क नं. ९७६१०११९४७) सँग बुझ्न सकिनेछ।

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत



CamScanner